# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, मंसिर १७ गते, २०७५ साल (अतिरिक्ताङ्क २९ख

## भाग ३

### नेपाल सरकार

### स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

### सूचना

नेपाल सरकारले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १३१ ले दिएको अधिकारको प्रयोग गरी सो नियमावलीको अनुसूची -३, ४, ६ र ७ मा देहाय बमोजिम हेरफेर तथा थपघट गरेको छ :-

१. अनुसूची –३ को,–

(१) समूह : मेडिसीन अन्तर्गतको सि. नं. २८ पछि देहाय बमोजिमको सि. नं. २८क. र सि. नं. ३३ पछि देहाय बमोजिमका सि. नं. ३४ र ३५ थपिएका छन् :-

| सि. नं. | पद | तह |
|---|---|---|
| "२८क. | कन्सल्टेन्ट हेपाटोलोजिष्ट | ९ |
| ३४ | कन्सल्टेन्ट पल्मोनोलोजिष्ट | ९ |
| ३५ | कन्सल्टेन्ट क्लिनिकल जेनेटिशिष्ट | ९" |

(२) समूह : सर्जरी अन्तर्गतको सि. नं. ३० पछि देहाय बमोजिमका सि. नं. ३१, ३२ र ३३ थपिएका छन् :-

| सि. नं. | पद | तह |
|---|---|---|
| "३१ | कन्सल्टेन्ट स्पाइनल सर्जन | ९ |
| ३२ | कन्सल्टेन्ट आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जन | ९ |
| ३३ | कन्सल्टेन्ट स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जन | ९" |

(३) समूह : डेन्टिष्ट्री अन्तर्गतको सि. नं. १५ को सट्टा देहाय बमोजिमको सि. नं. १५ राखिएको छ :-

| सि. नं. | पद | तह |
|---|---|---|
| "१५ | कन्सल्टेन्ट ओरल तथा मेक्जिलो फेसियल सर्जन | ९" |

२. अनुसूची –४ को,–

(१) क्र.सं. १ समूह : मेडिसीन अन्तर्गतको उपसमूहको खण्ड (झ) पछि देहाय बमोजिमका खण्ड (ञ), (ट) र (ठ) थपिएका छन् :-

"(ञ) हेपाटोलोजी

(ट) पल्मोनोलोजी

(ठ) क्लिनिकल जेनेटिक्स"

(२) क्र.सं. २ समूह : सर्जरी अन्तर्गतको उपसमूहको खण्ड (छ) पछि देहाय बमोजिमका खण्ड (छ१), (छ२) र (छ३) थपिएका छन् :-

"(छ१) स्पाइनल सर्जरी

(छ२) आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी

(छ३) स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरी"

(३) क्र.सं. १७ समूह : डेण्टिष्ट्री अन्तर्गतको उपसमूहको खण्ड (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राखिएको छ :-

"(ग) ओरल तथा मेक्जिलो फेसियल सर्जन"

३. अनुसूची –६ को,–

(१) क्र.सं. १ को,–

(क) समूह : मेडिसीन अन्तर्गतको उपसमूहको खण्ड (ज) र (ञ) को सट्टा देहाय बमोजिमका खण्ड (ज) र (ञ) राखी सो खण्डका लागि तोकिएको न्यूनतम योग्यताको सट्टा देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएको छ :-

| उपसमूह | न्यूनतम योग्यता |
|---|---|
| "(ज) इण्डोक्राइनोलोजी | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी ईण्डोक्राइनोलोजी विषयमा डि. एम. (तीन वर्षे) वा ईण्डोक्राइनोलोजी विषयमा स्नात्तकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी ईण्डोक्राइनोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा ईण्डोक्राइनोलोजी विषयमा विशेषज्ञता दर्ता भएको । |
| (ञ) हेपाटोलोजी | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी हेपाटोलोजीमा डि. एम. (तीन वर्षे) वा हेपाटोलोजी विषयमा स्नातकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी हेपाटोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा हेपाटोलोजी विषयमा विशेषज्ञता दर्ता भएको।" |

(ख) खण्ड (ट) पछि देहाय बमोजिमका खण्ड (ठ) र (ड) थपी सो का लागि देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएको छ :-

| | |
|---|---|
| " (ठ) पल्मोनोलोजी | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा डि. एम. (तीन बर्षे) वा पल्मोनोलोजी विषयमा स्नातकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा कम्तीमा एक बर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा पल्मोनोलोजी विषयमा विशेषज्ञता दर्ता भएको। |
| (ड) क्लिनिकल जेनेटिक्स | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा डि. एम. (तीन बर्षे) वा क्लिनिकल जेनेटिक विषयमा स्नातकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा कम्तीमा एक बर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा क्लिनिकल जेनेटिक विषयमा विशेषज्ञता दर्ता भएको । " |

(२) क्र.सं. २ समूह : सर्जरी अन्तर्गतको उपसमूहको खण्ड (छ) पछि देहाय बमोजिमका खण्ड (छ१), (छ२) र (छ३) थपी सो का लागि देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएका छन् :-

| उपसमूह | न्यूनतम योग्यता |
|---|---|
| "(छ१)स्पाइनल सर्जरी | अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा एम.सि.एच. गरेको वा आर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात |

| | |
|---|---|
| | स्पाइनल सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पाइनल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको। |
| (छ२) आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी | अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रकशन सर्जरीमा एम.सि.एच. गरेको वा अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रकशन सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रकशन सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको । |
| (छ३) स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरी | अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरीमा एम.सि.एच. वा अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको ।" |

(३) क्र.सं. १७ समूह : डेण्टिष्ट्री अन्तर्गतको उपसमूहको खण्ड (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राखी सो खण्डका लागि तोकिएको न्यूनतम योग्यताको सट्टा देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएको छ :-

| उपसमूह | न्यूनतम योग्यता |
|---|---|
| "(ग) ओरल तथा मेक्जिलो फेसियल सर्जन | ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सिलमा ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा विशेषज्ञ दर्ता भएको ।" |

४. अनुसूची –७ को,–

(१) क्र.सं. १ समूह : मेडिसीनको,–

(क) उपसमूह अन्तर्गत इण्डोक्राइनोलोजी तथा हेपाटोलोजीको लागि तोकिएको न्यूनतम योग्यताको सट्टा देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएको छ :-

| उपसमूह | न्यूनतम योग्यता |
|---|---|
| "इण्डोक्राइनोलोजी | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी ईण्डोक्राइनोलोजी विषयमा डि. एम. वा ईण्डोक्राइनोलोजी विषयमा स्नात्तकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी ईण्डोक्राइनोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा ईण्डोक्राइनोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि. एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार बर्षको ईण्डोक्राइनोलोजीमा काम गरेको कार्य अनुभव भएको । |

| | |
|---|---|
| हेपाटोलोजी | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी हेपाटोलोजीमा डि. एम. वा हेपाटोलोजी विषयमा स्नातकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी हेपाटोलोजी विषयमा कम्तीमा एक बर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा हेपाटोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि. एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार बर्षको हेपाटोलोजीमा काम गरेको कार्य अनुभव भएको ।" |

| | |
|---|---|
| "पल्मोलोजी | ईन्टर्नल मेडिसीनमा स्नाकोत्तर गरी पल्मोनोलोजी विषयमा डि. एम. वा पल्मोनोलोजी विषयमा स्नातकोत्तर वा ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी पल्मोनोलोजी विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा पल्मोनोलोजी विषयमा विशेषज्ञ दर्ता भएको र डि. एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको फेलोशिपको हकमा चार बर्षको पल्मोनोलोजीमा काम गरेको कार्य अनुभव भएको। |
| क्लिनिकल जेनेटिक्स | ईन्टर्नल मेडिसीनमा स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा डि. एम. वा क्लिनिकल जेनेटिक विषयमा स्नातकोत्तर वा ईन्टर्नल मेडिसीनमा |

| | |
|---|---|
| | स्नातकोत्तर गरी क्लिनिकल जेनेटिक विषयमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा क्लिनिकल जेनेटिक विषयमा विशेषज्ञ दर्ता भएको र डि. एम. को हकमा कम्तीमा दुई वर्ष, स्नातकोत्तरको र फेलोशिपको हकमा चार वर्षको क्लिनिकल जेनेटिक्समा काम गरेको कार्य अनुभव भएको।" |

(ख) उपसमूह अन्तर्गतको फरेन्सिक मेडिसीन पछि देहाय बमोजिमका पल्मोलोजी र क्लिनिकल जेनेटिक्स उपसमूह थपी सो का लागि देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएको छ :-

(२) क्र.सं. २ समूह सर्जरीको उपसमूह अन्तर्गतको अर्थोपेडिक सर्जरी भन्दा पछि देहाय बमोजिमका स्पाइनल सर्जरी, आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी र स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरी उपसमूह थपी सो का लागि देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएका छन् :-

| उपसमूह | न्यूनतम योग्यता |
|---|---|
| "स्पाइनल सर्जरी | अर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा एम.सिएच. गरेको वा आर्थोपेडिक सर्जरी वा न्यूरो सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पाइनल सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पाइनल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र स्पाइनल सर्जरी एम.सि.एच. गरेको हकमा कम्तीमा दुई वर्ष र फेलोशिपको हकमा चार वर्ष स्पाइनल सर्जरीमा काम गरेको कार्य अनुभव हुन पर्ने। |

| | |
|---|---|
| आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी | अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात जोर्नी आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा एम.सि.एच. गरेको वा आर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा एम.सिएच. गरेको हकमा कम्तीमा दुई बर्ष र फेलोशिपको हकमा चार वर्ष आर्थ्रोप्लाष्टी तथा रिकन्स्ट्रक्शन सर्जरीमा काम गरेको कार्य अनुभव भएको। |
| स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरी | अर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरीमा एम.सि.एच. वा आर्थोपेडिक सर्जरी विषयमा स्नातकोत्तर पश्चात स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरीमा कम्तीमा एक वर्ष निरन्तर फेलोशिप गरी नेपाल मेडिकल काउन्सिलमा स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरीमा एम.सि.एच. गरेको हकमा कम्तीमा दुई वर्ष र फेलोशिपको हकमा चार वर्ष स्पोर्टस तथा आर्थ्रोस्कोपिक सर्जरीमा काम गरेको कार्य अनुभव भएको।" |

(३) क्र.सं. १७ समूहः डेण्टिष्ट्री अन्तर्गतको उपसमूहको खण्ड (ग) को सट्टा देहाय बमोजिमको खण्ड (ग) राखी सो खण्डका लागि तोकिएको न्यूनतम योग्यताको सट्टा देहाय बमोजिमको न्यूनतम योग्यता तोकिएको छः-

| उपसमूह | न्यूनतम योग्यता |
|---|---|
| "(ग) ओरल तथा मेक्जिलो फेसियल सर्जन | ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा स्नातकोत्तर गरी नेपाल मेडिकल काउन्सिलमा ओरल तथा मेक्जिलो फेसियल सर्जरी विषयमा विशेषज्ञता दर्ता भएको र चार वर्षको ओरल तथा मेक्जिलो फेसियल सर्जरीमा काम गरेको कार्य अनुभव भएको।" |

**आज्ञाले,**
**केदार बहादुर अधिकारी**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०/-
गो.हु.द.नं. १६।२०६२।६३